नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७९।८०

मिति:- २०७९।०४।०९

## सूचना ! सूचना !! सूचना !!!

कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) को मिति २०७९/०४/०३ गते बसेको बैठकको निर्णय र जिल्ला कोभिड -१९ व्यवस्थापन समितिको मिति २०७९/०४/०९ गतेको निर्णयानुसार कोभिड संक्रमणको वर्तमान अवस्था संक्रमणको पूर्वानुमान तथा यसको नियन्त्रण सम्बन्धमा बैठकमा छलफल भयो । कोभिड-१९ को हालको अवस्था निगरानी, खोप, परिक्षण, प्रतिकार्यका लागि आवश्यक पूर्व तयारी लगायतका विषयमा निम्नानुसार गर्ने/ गराउने व्यवस्था हुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

१. सबै कार्यालय,संस्था, सार्वजनिक निकायहरु भित्र प्रवेश गर्दा मास्कको प्रयोगलाई अनिवार्य गर्ने र प्रवेशद्धारमा स्यानिटाइजरको व्यवस्था मिलाउने ।
२. गोष्ठी, सेमिनार तथा बैठक जस्ता भिडभाड हुने कार्यक्रमहरुमा मास्क र स्यानिटाइजरको अनिवार्य व्यवस्था गर्ने ।
३. विद्यालय,विश्वविद्यालय,धार्मिक स्थल, भिडभाड हुने प्रकृतिका व्यवसायिक तथा मनोरञ्जन स्थलहरु, स्टेडियम आदि जस्ता सार्वजनिक स्थलहरुमा अनिवार्य मास्क लगाउने ।
४. भिडभाड हुने स्थलहरुमा कोभिड-१९ नमूना परिक्षण अभियान सञ्चालन गरी समुदाय स्तरमा कोभिडको अवस्था थप एकिन गर्ने र कोभिड परिक्षणको दायरा बिस्तार गर्ने ।
५. सबै पालिकाहरुले आफ्नो पालिकाभित्र कोभिड विरुद्धको खोप नलगाएका व्यक्तिहरुको पहिचान गरी स्वास्थ्य कार्यालय संगको समन्वयमा खोप लगाउने व्यवस्था मिलाउने ।

धर्मेन्द्र कुमार मिश्र
प्रमुख जिल्ला अधिकारी